

शिक्षकलाई
विभेद गरेर
शिक्षाको भविष्य
सुरक्षित हुँदैन

ओमप्रकाश गौतम
omgautam2078@gmail.com

(३)



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६१। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठुलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - २२२ ❑ २०८३ भाद्र ११ गते बिहीबार ❑ Thursday, 27 Aug. 2026 ❑ मूल्य ७ /-


### बाढीबाट मृत्यु हुनेको संख्या २२ पुग्यो, २६ प्रहरी सम्पर्कविहीन

# बाढी प्रभावित क्षेत्रमा उद्धार कार्य जारी

पूर्वसन्देश समाचार

दमक/ रसुवाको भोटेकोशीमा आएको बाढीबाट मृत्यु हुनेको संख्या २२ पुगेको छ । बागमती प्रदेश प्रहरी कार्यालयको पछिल्लो विवरणअनुसार रसुवा, नुवाकोट, धादिङ र चितवनमा गरी २२ जनाको मृत्यु भएको हो ।

यो समाचार तयारपार्दासम्मको विवरणअनुसार रसुवामा एक पुरुष, नुवाकोटमा पाँच महिला र छ पुरुष गरी ११ जना, धादिङमा पाँच महिला, दुई पुरुष र दुई जनाको लिङ्ग नखुलेको गरी नौ जना तथा चितवनमा एक महिलाको मृत्यु भएको छ ।

बाढी प्रभावित क्षेत्रमा ६५ जनालाई घाइते अवस्थामा उद्धार गरिएको छ । रसुवाबाट ४३, नुवाकोटबाट १९ र धादिङबाट तीन जनाको उद्धार गरिएको विवरणमा उल्लेख छ ।

उद्धार गरिएकामध्ये छ जना काठमाडौं र ३६ जना धुन्चेमा रहेको तथा एक प्रहरीसहित अन्य घाइतेको नुवाकोटमा उद्धार गरिएको विवरणमा उल्लेख छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्लेका अनुसार बाढी प्रभावित क्षेत्रमा कार्यरत तीनमुरे, स्याफ्रुबेँसी, मैलुङ र रसुवागढीका २६ जना प्रहरीको अवस्था अज्ञात छ । सम्पर्कविहीन प्रहरीको खोजी तथा उद्धारका लागि सुरक्षा निकायबाट आवश्यक प्रयास भइरहेको जनाइएको छ । बाढी प्रभावित क्षेत्रमा नागरिकको उद्धार, उपचार तथा राहतका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालले जनशक्ति तथा आवश्यक स्रोतसाधन परिचालन गरेका छन् । गम्भीर घाइतेको तत्काल उपचारका लागि चिकित्सक तथा स्वास्थ्यकर्मीसहितको टोलीसमेत प्रभावित क्षेत्रमा खटाइएको छ । रसुवा बाढीमा फसेका सय बढीको उद्धार गरिएको छ । प्रधानमन्त्री कार्यालयका अनुसार धुन्चे क्षेत्रबाट ८५, टिमुरे क्षेत्रबाट १३, मैलुङ क्षेत्रबाट ५, बेतावत्री क्षेत्रबाट ४, त्रिशूली क्षेत्रबाट ३ जनाको उद्धार गरिएको छ ।

आपत्कालीन सडक उद्धारका लागि 'मास क्याजुअल्टी भेइकल्स' सहितको चिकित्सक तथा उद्धार (मेडिभ्याक) टोली परिचालन गरिएको छ । गम्भीर घाइतेलाई प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा ल्याई तत्काल उपचारको व्यवस्था गर्न स्वास्थ्य टोली तयारी अवस्थामा राखिएको जनाइएको छ ।

त्यसैगरी, आपत्कालीन राहत तथा उद्धार सामग्रीसहितका डिजास्टर रिलिफ सिस्टम (डीआरएस) कन्टेनर आवश्यकताअनुसार बाढी प्रभावित क्षेत्रमा तत्काल पुऱ्याउने कार्य भइरहेको छ । देशका अन्य भागमा रहेका डीआरएस कन्टेनरसमेत प्रभावित क्षेत्रतर्फ केन्द्रित गरी परिचालन गर्न थालिएको छ । बाढीका कारण नदी किनार तथा प्रभावित क्षेत्रमा थुनिएका र सम्पर्कविहीन भएका नागरिकको खोजी तथा स्थान पहिचानका लागि सशस्त्र प्रहरीले ड्रोन परिचालन गरिरहेको छ । ड्रोनमार्फत बाढीबाट भएको क्षतिको अवस्थासमेत मूल्याङ्कन गर्ने कार्य भइरहेको छ । यसैबीच, रसुवागढी भन्सार तथा यार्ड क्षेत्रमा बाढी तथा पहिरोमा पुरिएका व्यक्तिको खोजीका लागि सशस्त्र प्रहरीको उद्धार टोली परिचालन गरिएको

बाँकी ४ पेजमा ▸▸



## ३८४ पर्यटक सम्पर्कविहीन

*रसुवामा आएको बाढीका कारण विभिन्न क्षेत्रमा ३ सय ८४ आन्तरिक तथा वाह्य पर्यटक सम्पर्कविहिन भएका छन् । नेपाल पर्यटन बोर्डले ट्राभल एजेन्सीहरूबाट प्राप्त तथ्यांक उद्धृत गर्दै जनाए अनुसार झन्डै ४ सय पर्यटक सम्पर्कविहीन छन् । सम्पर्कविहीनमध्ये २ सय ९१ विदेशी र ९३ नेपाली पर्यटक छन् । ट्राभल एजेन्सी, गाइड, स्थानीय निकाय र सुरक्षा निकायसँग पुष्टि गरेपछि पर्यटन बोर्डले पर्यटक सम्पर्कविहीन भएको जनाएको हो ।*

## राස्वपाले राहत कोषमा एकमुस्ट रकम जम्मा गर्ने

**दमक/** रास्वपाले राहत कोषमा एकमुस्ट रकम जम्मा गर्ने भएको छ । 'राष्ट्रिय स्वतन्त्र पार्टीको आकस्मिक बैठक बसेर राहत कोषका लागि उपलब्ध गराउने रकमको निर्णय गरेको हो' । सभापति रवि लामिछानेले जानकारी संसदमा बोल्दै यसबारे जानकारी दिएका हुन् । साथै, रास्वपाका सांसदहरूले बेग्ला बेग्लै नभएर सामुहिक रूपमा सरकारलाई, आपत्तमा सरकारलाई कसरी सघाउन सक्छ भनेर निर्णय नै गर्ने पनि उनले बताएका छन् । यो घटनाबारे संसदमा बोल्दै सभापति लामिछानेले यस्तो बताएका हुन् । यस अगाडि नै राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद समीक्षा बास्कोटाले राष्ट्रिय विपद् कोषमा दुई महिनाको तलब भत्ता जम्मा गर्ने घोषणा गरिसकेकी छन् ।

## हिंसा र अपराधको निसानामा बालिका

**दमक/** दस वर्षभन्दा कम उमेरका साना बालिका हिंसा र करणीको निसानामा पर्न थालेपछि प्रहरीले सुरक्षालाई कडाइ गरेको छ । २०७७ देखि २०८१ सालसम्मको आँकडा हेर्दा हरेक वर्ष जसो साना बालबालिका पीडकको आक्रमणमा परेको देखिन्छ ।

जस अनुसार २०८१ सालमा ३७६ बालिका निसानामा परेका थिए । अघिल्लो वर्ष २०८० सालमा ३५१, २०७९ सालमा ३७५, २०७८ सालमा ४२२ र २०७७ सालमा ४६४ जना १० वर्षमुनिका बालिका जबरजस्ती करणीको सिकार बनेका थिए । त्यसभन्दा अघिका तीन वर्षको एकमुस्ट आँकडाले एक हजार २७० जना १० वर्षमुनिका बालिका जबरजस्ती करणीको सिकार बनेको देखाउँछ । उक्त तीन वर्षमा ११ जना १६ वर्षमुनिका बालिकाको करणीपछि हत्या भएको थियो । पछिल्लो उदाहरण बाराकी तीन वर्षीय दुधे बालिकाको जबरजस्ती करणीपछि निर्मम हत्या गरिएको अवस्थामा भदौ २ गते फेला परेको घटना हो । बालिकालाई जबरजस्ती करणी र त्यसपछि हत्या गरेको विषयलाई निकै गम्भीर रूपमा लिएर अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रमुख नरेन्द्र कुँवरले जानकारी दिए "बालिकाको शव झन्डै गल्न लागेको अवस्थामा फेला परेको थियो, त्यसपछि अहिलेसम्म नौ जना उक्त घटनाको आरोपमा पक्राउ परेका छन्, हामी अनुसन्धानमै छौं ।" एकपछि अर्को गर्दै नौ जना पक्राउ परेका हुन् । सरकारसँग बालिकाका परिवारले कानुनमा रहेको सजायको व्यवस्थालाई कडा बनाउन माग गरेको छ । जस अनुसार कानुनमा विद्यमान कसुर र सजायसम्बन्धी व्यवस्थाको पुनरवलोकन गर्दै सरकारले कानुन बनाउन सुझावसहितको प्रतिवेदन तयार गर्दै छ । जसका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले सात सदस्यीय न्याय संकल्प समिति गठन गर्दै काम अघि बढाएको छ ।

## कृषि, पशुपन्छी तथा जडीबुटी बीमामा नयाँ व्यवस्था

**दमक/** सरकारले कृषि, पशुपालन र जडीबुटी खेतीमा दिँदै आएको बीमाको अनुदानको तहलाई घटाएको छ । कृषिमा जोखिम न्यूनीकरण गर्दै किसानहरूलाई प्रोत्साहन गर्न ल्याएको बीमा कार्यक्रममा यसअघि ५०, ६५ र ८० प्रतिशत गरी तीन तहमा अनुदान दिने व्यवस्था थियो । अहिले यसलाई ५० र ८० प्रतिशत गरी दुई तहमात्र राखिएको छ ।

'कृषि, वन तथा वातावरण मन्त्रालयले कृषि, पशुपन्छी तथा जडीबुटी बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८३' जारी गर्दै बीमा शुल्क (प्रिमियम) मा अनुदानको तहलाई घटाएको हो । कृषि मन्त्रायलका सूचना अधिकारी मणिरत्न अर्यालले यसअघिको तीन तहको अनुदान प्रतिशतलाई ५० र ८० प्रतिशत गरी दुई तहमा मात्र दिने गरी मापदण्ड ल्याएको जानकारी दिए । उनका अनुसार यसअघि ५० लाख रूपैयाँसम्मको बीमामा ८० प्रतिशत, ५० लाखदेखि एक करोडसम्म ६५ प्रतिशत र सोभन्दा माथि ५० प्रतिशत

बाँकी ४ पेजमा ▸▸

## साइकलबाट लडेर एक जनाको मृत्यु

**इटहरी** / सुनसरीको बराहक्षेत्रमा साइकल सिक्ने क्रममा लड्दा २३ वर्षीय खगेन्द्र दर्नालको मृत्यु भएको छ । बराहक्षेत्र नगरपालिका-१० का दर्नाल आफ्नै घरको आँगनमा 'लेडिज साइकल' चलाउने क्रममा लडेका थिए। त्यसक्रममा साइकलको पाइडलको फलामे भाग छातीमा घुसेपछि उनको घटनास्थलमै मृत्यु भएको सुनसरी प्रहरीले जनाएको छ ।

घटनापछि इलाका प्रहरी कार्यालय महेन्द्रनगरको टोली पुगेको थियो। प्रहरीले शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल इनरुवा पठाएको छ ।

## कोशीका पाँच जिल्लामा कुपोषण उच्च

**दमक/** कोशी प्रदेशका पाँच जिल्लाका विभिन्न स्थानीय तहमा बालबालिकामा हुने शीघ्र कुपोषणको दर उच्च पाइएको छ । कोशी प्रदेश स्वास्थ्य निर्देशनालयले गरेको कुपोषण परीक्षणमा सुनसरी, मोरङ, खोटाङ, उदयपुर र झापा जिल्लामा जन्मेदेखि पाँच वर्ष उमेर समूहका बालबालिकामा शीघ्र कुपोषणको दर तुलनात्मक रूपमा उच्च पाइएको हो ।

निर्देशनालयले बुधबार धनकुटामा आयोजना गरेको वार्षिक समीक्षा कार्यक्रममा सुनसरीमा परीक्षण गरिएका १० हजार ३ सय ८१ बालबालिकामध्ये १३ प्रतिशतमा कुपोषण देखिएको हो । सुनसरीपछि मोरङमा १६ हजार ७ सय ८९ बालबालिकाको परीक्षण गर्दा ९ दशमलव ९ प्रतिशतमा कुपोषण पाइएको छ ।

त्यस्तै, खोटाङमा परीक्षण गरिएका ६ हजार ४६ बालबालिकामध्ये ७ दशमलव २९ प्रतिशत, उदयपुरमा ७ हजार ९ सय १२ मध्ये ६ दशमलव ८८ प्रतिशत र झापामा २७ हजार ६ सय १४ मध्ये ६ दशमलव ३६ प्रतिशत बालबालिकामा शीघ्र कुपोषण देखिएको छ ।

अन्य जिल्लामा संखुवासभामा ५ दशमलव ८९ प्रतिशत, धनकुटामा ५ दशमलव ७६ प्रतिशत, तेह्रथुममा ५ दशमलव ६३ प्रतिशत, ताप्लेजुङमा ४ दशमलव ६७ प्रतिशत, ओखलढुंगामा ४ दशमलव ५८ प्रतिशत, पाँचथरमा ४ दशमलव ३३ प्रतिशत, इलाममा ३ दशमलव २६ प्रतिशत र भोजपुरमा ३ दशमलव १४ प्रतिशत बालबालिकामा शीघ्र कुपोषण पाइएको छ ।

प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटाका निमित्त प्रमुख सागर प्रसाईंले कुपोषणको दर उच्च देखिएका जिल्ला तथा स्थानीय तहमा यसको न्यूनीकरणका लागि स्वास्थ्य मन्त्रालयसँगको समन्वयमा आवश्यक योजना बनाएर काम गरिने बताए ।

निर्देशनालयले स्थानीय तहसँगको सहकार्यमा कोशी प्रदेशका १४ जिल्लाका १ सय ३७ स्थानीय तहमध्ये १ सय ८ स्थानीय तहमा बालबालिकाको कुपोषण परीक्षण कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रममा जन्मेदेखि पाँच वर्ष उमेर समूहका ९९ हजार २१ जना बालबालिकाको कुपोषण परीक्षण गरिएको थियो । परीक्षणबाट जिल्लागत रूपमा कुपोषणको अवस्था पहिचान भएकाले अब न्यूनीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने तयारी निर्देशनालयले गरेको छ ।

## ठगी गर्ने झापाका दुईसहित तीनजना पक्राउ

**दमक/** वैदेशिक रोजगारीमा पठाउने भनी लाखौं ठगी गर्ने झापाका दुईसहित तीन जना पक्राउ परेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकु, काठमाडौंका सूचना अधिकारी रामेश्वर कार्कीका अनुसार चेक रिपब्लिक पठाउने भनी पाँच लाख ३५ हजार रुपैयाँ ठगी गर्ने झापाको कमल गाउँपालिका वडा नं ५ घर भएकी २९ वर्षीया सुष्मा भण्डारी, लिथुनिआनिया पठाउने भनी दुई लाख ५० हजार रुपैयाँ ठगी गर्ने कमलामाई सिन्धुली घर भएकी करिना देवकोटा र फिनल्याण्ड पठाउने भनी १२ लाख रुपैयाँ ठगी गर्ने झापा दमक घर भएका साजन खनाल पक्राउ परेका हुन् । तीनै जना हाल काठमाडौंमा बस्दै आएका छन् ।

आकर्षक तलबको प्रलोभनमा रोजगारीका लागि विभिन्न देशहरुमा लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखी विदेश नपठाइ उनीहरु सम्पर्कविहिन बनेको प्रहरीले बताएको छ । उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरी थप अनुसन्धान तथा कारवाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको प्रहरीले जनाएको छ ।

## आगलागीबाट करिव २६ लाख बराबरको क्षति

**ओखलढुंगा/** सिद्धिचरण नगरपालिका-४ चार्खुमा मंगलबार साँझ विद्युत् चुहावट (सर्ट) भएर आगलागी हुँदा दुई घर जलेर पूर्ण रूपमा नष्ट भएको छ । स्थानीय कोटमाया कार्कीको ढुंगामाटोको गारो र खरको छानो भएको दुईतले घरमा बिजुलीको तार सर्ट भएर आगलागी भएको थियो ।

उक्त आगो फैलिएर उनकी बुहारी ज्ञानकुमारी कार्कीको दुईतले घरमा समेत क्षति पुगेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक शेखरकुमार साहले जानकारी दिए ।

आगलागी नेपाल प्रहरी, सशस्त्र प्रहरी, सिद्धिचरण नगरपालिकाको दमकल र स्थानीयवासीको सहयोगमा तीन घण्टापछि नियन्त्रणमा आएको थियो । आगलागीबाट कोटमाया कार्कीको घरसँगै अन्नपात, भाँडाबर्तन, लत्ताकपडा, एक तोला सुनजस्तो देखिने गहना र रु २० हजार नगद जलेर नष्ट हुँदा करिब रु १२ लाखबराबरको क्षति भएको जनाइएको छ ।

त्यस्तै ज्ञानकुमारी कार्कीको घरसँगै अन्नपात, लत्ताकपडा, दुई तोला दुई आना सुनजस्तो देखिने गहना र रु ५० हजार नगद जलेर नष्ट हुँदा करिब रु १४ लाख क्षति भएको प्रहरीले जनाएको छ । आगलागीबाट मानवीय र चौपाया क्षति भने नभएको प्रहरी निरीक्षक साहले जानकारी दिए ।

## जोगबनीबाट हुने आयात-निर्यात ठप्प

**मोरङ /** जोगबनी भन्सारका एजेन्टहरूले एसएसबी र ल्यान्ड पोर्ट अफ इन्डिया (एलपीआई) बाट आफूहरूलाई अनावश्यक दुःख दिएको भन्दै सोमबारदेखि 'पेन डाउन' आन्दोलन थालेपछि विराटनगरतर्फ आउने कुनै पनि मालबाहक सवारीसाधन नाकाबाट प्रवेश गर्न सकेका छैनन् ।



भारतीय सीमा सुरक्षा बल (एसएसबी) र जोगबनी भन्सार एजेन्टबीचको विवाद चर्किएपछि नेपाल-भारत बीचको प्रमुख व्यापारिक नाका जोगबनीबाट हुने आयात-निर्यात दुई दिनदेखि ठप्प भएको छ । व्यापारिक कारोबार अवरूद्ध हुँदा औद्योगिक कच्चा पदार्थ तथा अन्य व्यापारिक सामग्री बोकेका ६०० भन्दा बढी ट्रक र कन्टेनर भारतीय

बाँकी ४ पेजमा ▸▸


## सिलबन्दी दरभाउपत्र सम्बन्धि सुचना

**सुचना प्रकाशित मिति : २०८३/०५/१०**

लाईफ लाईन अस्पताल प्रा.लि. दमक-५, झापाद्वारा शैक्षिक कार्यक्रम (Academic Building) संचालनार्थ निर्माणाधिन ५ तले स्टिल स्ट्रक्चर भननमा उच्च गुणस्तरका सुरक्षित समाग्रीहरू प्रयोग गरी आ.व. २०८३/०८४ मा आवश्यक पर्ने कलेज तर्फको स्टिल स्ट्रक्चर संरचना (PUF wall Panel Inner/Outer, Door, Window, Tiles, Granites, Sanitary & Electrical) (प्रस्तावनाको सि.न. १ देखी ३४ सम्मका कार्यहरू गर्न) निर्माण कार्यहरू सिलबन्दी दरभाउको माध्यमबाट गर्नुपर्ने भएकोले उक्त कार्य गर्न ईच्छुक कन्सल्टेन्सि, फर्म, तथा कम्पनीहरूले तपशिलका कागजातहरू संलग्न राखी मिति २०८३/५/२३ गते सम्ममा यस अस्पतालको प्रशासन शाखामा सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

**१. योग्यता मापदण्ड**

**क) बैध व्यबसाय दर्ता प्रमाणपत्र** (Company Registration)
**ख)** PAN\VAT **दर्ता प्रमाणपत्र**
**ग) आ.व. २०८१/०८२ र २०८२/०८३ को करचुक्ता (आ.व. २०८२/०८३ को म्याद थप गरेको भए सो को प्रमाण) प्रमाणपत्र**
**घ) कम्तीमा ३ बर्ष सम्बन्धित कार्य गरेको अनुभव कम्पनी ।**
**ड.) सम्बन्धित विधाको दक्षता भएको ईन्जिनियर समावेश भएको टोली ।**

**लाईफ लाईन अस्पताल प्रा.लि.**
दमक-५, झापा
सम्पर्क : ०२३-५७५८०७

# सम्पादकीय

## अदालती अन्योलमा रूमलिएको कांग्रेस

नेपाली कांग्रेसको १५औँ महाधिवेशन नजिकिँदै जाँदा पार्टीभित्रको आन्तरिक विवाद झन् गहिरिँदै गएको छ । निर्वाचन समितिले भदौ २४ गतेबाट वडा अधिवेशन सुरू गर्ने कार्यतालिका सार्वजनिक गरेसँगै पार्टीभित्रको विवादले नयाँ मोड लिएको छ । १४औँ महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवा र निवर्तमान उपसभापति पूर्णबहादुर खड्काले महाधिवेशन प्रक्रिया रोक्न माग गर्दै सर्वोच्च अदालतमा पूरक रिट दायर गरेपछि पार्टी नेतृत्वमा थप अन्योल सिर्जना भएको छ । सर्वोच्चले भदौ ११ गतेका लागि पेसी तोकेसँगै अब कांग्रेसको राजनीतिक भविष्य अदालतको फैसलामा निर्भर हुने हो वा राजनीतिक सहमतिको नयाँ ढोका खुल्छ भन्ने गम्भीर प्रश्न उब्जिएको छ ।


पार्टीभित्र देखिएको यो संकट समाधानका लागि दुवै पक्षका आआफ्नै अडान छन् । इतर समूह (शेरबहादुर देउवा र डा. शेखर कोइराला पक्ष) सर्वोच्च अदालतको फैसला कुर्ने पक्षमा देखिएको छ । देउवा पक्षले १४औँ महाधिवेशनको वैधानिकता र विधानलाई आधार मान्नुपर्ने तथा आगामी १५औँ महाधिवेशनसमेत देउवाकै नेतृत्वमा गर्नुपर्ने अडान राखेको छ । अर्कोतर्फ, संस्थापन पक्ष विशेष महाधिवेशनमार्फत गगन थापा सभापति भइसकेको र वर्तमान कार्यसमितिले नै सबै प्रक्रिया अगाडि बढाउनुपर्ने दाबी गरिरहेको छ ।

अदालतको इजलासमा प्रवेश भइसकेको विषयले दलभित्रको आन्तरिक लोकतन्त्रलाई बलियो बनाउँदैन । न्यायपालिकाले गर्ने निर्णय आफ्नो ठाउँमा होला, तर राजनीतिक दलका विवाद अदालतको ढोकामा पुग्नु कांग्रेसजस्तो ऐतिहासिक पार्टीका लागि सुखद होइन ।

यसले कार्यकर्ता पंक्तिमा निराशा छरेको छ भने समयमै महाधिवेशन हुनेमा समेत शंका उब्जाएको छ । अदालतको फैसला कुर्नु मात्रै समस्याको स्थायी समाधान होइन, यसले त पार्टीलाई अझ बढी ध्रुवीकरणतर्फ धकेल्न सक्छ ।

तसर्थ, दुवै पक्षले अहंकार र अडान त्यागप र विधानको दायराभित्र रहेर बृहत् राजनीतिक सहमतिको खोजी गर्नु नै आजको मुख्य आवश्यकता हो । लोकतान्त्रिक पार्टीको विवाद सडक वा अदालतमा भन्दा पार्टीभित्रै संवादका माध्यमबाट हल हुनुपर्छ । दलका शीर्ष नेताहरुले व्यक्तिगत प्रतिष्ठा र गुटगत स्वार्थभन्दा माथि उठेर कांग्रेसलाई एकताबद्ध बनाउन र निर्धारित समयमै निष्पक्ष महाधिवेशन सम्पन्न गर्ने भरपर्दो वातावरण सिर्जना गर्न अब ढिला गर्नु हुँदैन ।

# शिक्षकलाई विभेद गरेर शिक्षाको भविष्य सुरक्षित हुँदैन



ओमप्रकाश गौतम
omgautam2078@gmail.com

**बजार अत्यन्तै अराजक रुपमा महंगो भएको छ । सामाजिक अनुशासन दैनन्दिन अझ-अझ भताभुङ्ग हुँदै जाँदो छ । भ्रष्टाचार, घुसखोरी, कमिशनखोरी, दलीय पक्षपात, बिचौलियाहरुको बढ्दो प्रकोप, विदेशी जनसंख्या अतिक्रमण र कष्टमा गुज्रिनु परिरहेको सहोदर जनजीवनको वेवास्ता आदि घट्नुको सट्टा झन-झन बढ्दै जाँदो छ । ऊर्जाशाली पाखुरे नेपाली विदेशिने लगभग करोडको लस्कर घटाउने वैकल्पिक उपायको चाँजो व्यवहारमा झन शून्यप्रायः हुँदै गएको छ ।**

मानव सभ्यताको विकासको आधार शिक्षा हो । शिक्षालाई संक्षेपमा भन्नुपर्दा यो सिकाइको संसार हो । शिक्षाले व्यक्तिलाई ज्ञान, सीप, आत्मविश्वास र विवेक प्रदान गर्छ । मानिसले आफू, समाज र संसारलाई बुझ्ने दृष्टि शिक्षाबाटै प्राप्त गर्छ । त्यसैले शिक्षा केवल विद्यालयमा पढाइने विषय होइन, यो मानव जीवनलाई दिशा दिने आधार हो ।

मानिसले बाल्यकालमा परिवारबाट सिक्छ, अरूको बोली र व्यवहारको अनुकरण गर्छ । विद्यालय र क्याम्पसबाट औपचारिक शिक्षा प्राप्त गर्छ । तर मानिसको सिकाइ त्यतिमै सकिँदैन । प्रकृति पनि मानिसको ठूलो पाठशाला हो । नदी, पहाड, वनस्पति, चराचुरूङ्गी र सम्पूर्ण प्रकृतिले मानिसलाई निरन्तर सिकाइरहेका हुन्छन् ।

विद्यालय भनेको त्यही ज्ञानलाई व्यवस्थित रूपमा हस्तान्तरण गर्ने संस्था हो । विद्यालयमा विद्यार्थीको ज्ञानरूपी आँखा खुल्छ । अज्ञानताको अँध्यारो हट्दै जान्छ र व्यक्तिले आफ्नो जीवन, समाज र राष्ट्रलाई बुझ्ने क्षमता विकास गर्छ । त्यसैले शिक्षा राष्ट्र निर्माणको पहिलो आधार हो भने शिक्षक त्यस आधारलाई जीवन्त बनाउने मुख्य पात्र हुन् । शिक्षकले केवल पाठ्यपुस्तक पढाउँदैनन् । उनीहरूले भावी नागरिक तयार गर्छन् । उनीहरूले विद्यार्थीलाई ज्ञानसँगै अनुशासन, नैतिकता, जिम्मेवारी, सहकार्य र मानवीय व्यवहार सिकाउँछन् । एउटा असल शिक्षकले एउटा पुस्ता मात्र होइन, धेरै पुस्ताको भविष्य निर्माण गरिरहेको हुन्छ ।

तर विडम्बना के छ भने, यही शिक्षा र शिक्षकको महत्त्व भाषणमा स्वीकार गर्ने राज्यले शिक्षकलाई भने विभिन्न नाममा विभाजित गर्दै आएको छ । आज सामुदायिक विद्यालयमा स्थायी शिक्षक छन्, राहत शिक्षक छन्, करार शिक्षक छन्, अस्थायी शिक्षक छन्, शिक्षण सहयोग अनुदानमा काम गर्ने शिक्षक छन् । यसरी विभिन्न प्रकृति र नामका शिक्षकको ठूलो समूह तयार भएको छ । प्रश्न उठ्छ– विद्यार्थीलाई पढाउने जिम्मेवारी एउटै, कक्षाकोठा एउटै, विद्यालय एउटै, पाठ्यक्रम एउटै, तर शिक्षकको सेवा-सुविधा र भविष्यचाहिँ किन फरक ? यो प्रश्न राहत शिक्षकको मात्र होइन, समग्र सार्वजनिक शिक्षा प्रणालीको प्रश्न हो ।

लोकतान्त्रिक गणतन्त्र स्थापनापछि राज्यले सामुदायिक विद्यालयको आवश्यकता पूरा गर्न विभिन्न चरणमा राहत दरबन्दी तथा अन्य अस्थायी प्रकृतिका शिक्षकको व्यवस्था गऱ्यो। कतिपय शिक्षकले यही व्यवस्थाअन्तर्गत वर्षौंसम्म निरन्तर अध्यापन गरे । तर विडम्बना, उनीहरूले कक्षाकोठामा अस्थायी भएर पढाएनन् । विद्यार्थीका लागि उनीहरु नियमित शिक्षक नै थिए । विद्यालयका लागि उनीहरु आवश्यक जनशक्ति नै थिए । राज्यका लागि पनि उनीहरूको सेवा आवश्यक नै थियो । तर सेवा-सुविधा र भविष्य निर्धारण गर्ने बेलामा भने उनीहरूलाई अस्थायी वा राहतको नाममा अलग राखियो। यही विभेदले आजको असन्तुष्टिको जरो तयार गरेको हो ।

नेपालमा शिक्षकको स्थायी नियुक्तिका लागि शिक्षक सेवा आयोगको व्यवस्था छ । स्थायी शिक्षक छनोट गर्ने जिम्मेवारी आयोगसँग छ । तर लामो समयसम्म नियमित रूपमा आयोग नखुल्दा विद्यालयमा शिक्षकको आवश्यकता भने रोकिएन । विद्यालयमा विद्यार्थी थिए, कक्षाहरु चलिरहेका थिए र शिक्षक चाहिन्थ्यो । राज्यले स्थायी दरबन्दीअनुसार समयमै पदपूर्ति गर्न सकेन । त्यसपछि राहत, करार र अन्य अस्थायी व्यवस्थाबाट शिक्षक नियुक्त गरिए । यिनै शिक्षकले वर्षौंसम्म सामुदायिक विद्यालयमा अध्यापन गरे। अब प्रश्न उनीहरूलाई मात्र होइन, राज्यलाई सोध्नुपर्ने हुन्छ–यदि उनीहरूको सेवा आवश्यक थिएन भने वर्षौंसम्म किन अध्यापन गराइयो रू र यदि उनीहरूको सेवा आवश्यक थियो भने उनीहरूको भविष्य सुरक्षित गर्ने जिम्मेवारी कसको थियो ?

शिक्षकले त राज्यले दिएको जिम्मेवारी पूरा गरे । विद्यार्थी पढाए, परीक्षा गराए, विद्यालय सञ्चालनमा योगदान गरे, दुर्गम क्षेत्रमा पुगे र वर्षौंसम्म एउटै विद्यालयमा बसेर सेवा गरे । तर राज्यले उनीहरूको सेवाको प्रकृतिलाई भने स्थायी समाधानतर्फ लैजान सकेन । यही कारण राहत शिक्षकको आन्दोलन एकैपटक जन्मिएको होइन । यो वर्षौंको असन्तुष्टि, विभेद र अनिश्चितताको परिणाम हो ।

नेपाल शिक्षक महासंघको अगुवाइमा होस् वा नेपाल राहत शिक्षक केन्द्रीय समितिको अगुवाइमा, राहत शिक्षकले पटकपटक काठमाडौं केन्द्रित आन्दोलन गरेका छन् । विभिन्न समयमा सरकारसँग सहमति पनि भएका छन् । केही माग सम्बोधन भएका छन्, केही विषयमा आश्वासन दिइएको छ । तर मूल प्रश्न अझै बाँकी छ–वर्षौं सेवा गरेका राहत शिक्षकको स्थायित्व र सम्मानजनक व्यवस्थापन कहिले हुन्छ ? राज्यले पटकपटक आन्दोलन भएपछि मात्र केही माग सम्बोधन गर्ने प्रवृत्ति देखाउँदै आएको छ । यसले समस्या समाधान गरेको छैन, केवल अर्को आन्दोलनसम्म धकेलेको छ । आज पनि शिक्षक आन्दोलन उठ्नुको कारण शिक्षकलाई आन्दोलन मन पर्नु होइन । उनीहरु आफ्नो पेसागत भविष्य सुरक्षित होस् भन्ने चाहन्छन् ।

यही पृष्ठभूमिमा अहिले राहत शिक्षकको प्रोत्साहन भत्ताको विषय फेरि चर्चामा आएको छ । नेपाल राहत शिक्षक केन्द्रीय समितिले सरकारले अन्य सरकारी सेवामा कार्यरत राष्ट्रसेवकलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था गरे पनि राहत शिक्षकलाई त्यसबाट वञ्चित गरेको भन्दै आपत्ति जनाएको छ । समितिका अनुसार सार्वजनिक शिक्षाको मेरूदण्डका रूपमा दुर्गमदेखि सुगम भूगोलसम्म निरन्तर काम गरिरहेका राहत शिक्षकलाई सेवा-सुविधा, स्थायित्व र प्रोत्साहन भत्ताबाट वञ्चित गर्नु अन्यायपूर्ण र विभेदकारी व्यवहार हो ।

यो प्रश्नलाई केवल एउटा भत्ताको प्रश्नका रूपमा हेर्नु हुँदैन । वर्षौंसम्म राज्यको सार्वजनिक शिक्षा धान्ने शिक्षकलाई राज्यले समान जिम्मेवारी निर्वाह गर्ने अन्य जनशक्तिसँग कस्तो व्यवहार गर्छ भन्ने प्रश्न हो । एउटै राज्यका नागरिक, एउटै विद्यालयका शिक्षक, एउटै विद्यार्थी र एउटै जिम्मेवारी हुँदाहुँदै सेवा-सुविधामा ठूलो विभेद भयो भने त्यसले शिक्षकको मनोबलमा असर पार्छ । शिक्षकको मनोबल कमजोर भयो भने त्यसको असर अन्ततः कक्षाकोठामा पुग्छ र कक्षाकोठामा परेको असर विद्यार्थीको सिकाइ हुँदै समग्र सार्वजनिक शिक्षाको गुणस्तरसम्म पुग्छ ।

शिक्षकको आन्दोलनलाई कहिलेकाहीँ राजनीतिक दृष्टिले हेर्ने गरिन्छ । शिक्षक कुनै राजनीतिक दलको नजिक छन् कि छैनन्, आन्दोलनमा कुन समूह सक्रिय छ भन्ने प्रश्न उठाइन्छ । तर शिक्षकको वास्तविक मागलाई दलगत चस्माबाट हेर्नु उचित हुँदैन । शिक्षकले आफ्नो सेवा-सुविधा, स्थायित्व र सम्मानका लागि आवाज उठाउँदा त्यसलाई राजनीतिक गतिविधिको रूपमा मात्र व्याख्या गर्नु समस्याबाट भाग्नु हो । शिक्षक पनि यही समाजका नागरिक हुन् । उनीहरूका परिवार छन्, बालबच्चा छन् र भविष्यको चिन्ता छ । वर्षौंसम्म अस्थायी सेवामा काम गरिरहँदा उनीहरूको आफ्नै भविष्य अन्योलमा हुन्छ । त्यसैले उनीहरूले राज्यसँग आफ्नो श्रमको उचित मूल्यांकन माग्नु स्वाभाविक हो ।

शिक्षकको कुरा गर्दा विद्यालय कर्मचारीलाई बिर्सन मिल्दैन। विद्यालयमा शिक्षकले मात्र काम गरेर संस्था चल्दैन । लेखा हेर्ने कर्मचारी, कार्यालय सहयोगी, बाल विकास सहजकर्ता तथा अन्य कर्मचारी पनि विद्यालय सञ्चालनका अभिन्न अंग हुन् । तर उनीहरूको अवस्था पनि लामो समयदेखि सन्तोषजनक छैन । न्यून पारिश्रमिक, सीमित सुविधा र सेवाको अनिश्चितताबीच उनीहरूले विद्यालय धानिरहेका छन् । सरकारले पछिल्लो समय ईसीडी सहजकर्ता, विद्यालय सहयोगी, लेखा कर्मचारी तथा शिक्षण सहयोग अनुदानअन्तर्गतका शिक्षकको पारिश्रमिक बढाउने निर्णय गरेको छ । यो सकारात्मक कदम हो । तर पारिश्रमिक बढ्नु मात्र दीर्घकालीन समाधान होइन । सेवा गर्ने जनशक्तिको भविष्य पनि स्पष्ट हुनुपर्छ ।

सरकारले अब राहत शिक्षक, करार शिक्षक, ईसीडी सहजकर्ता र विद्यालय कर्मचारीका समस्या अलग-अलग रूपमा हेर्नुभन्दा समग्र विद्यालय शिक्षा प्रणालीकै हिस्साका रूपमा हेर्न आवश्यक छ । कति शिक्षक आवश्यक छन् ? कति दरबन्दी रिक्त छन् रू कति राहत तथा करार शिक्षकले कति वर्षदेखि सेवा गरिरहेका छन् ? विद्यालय कर्मचारीको वास्तविक आवश्यकता कति छ ? स्थायी पदपूर्ति कसरी गर्ने ? लामो समयदेखि सेवा गरिरहेका जनशक्तिको अनुभवलाई कसरी न्यायोचित रूपमा सम्बोधन गर्ने रू यी सबै प्रश्नको स्पष्ट उत्तरसहित दीर्घकालीन नीति आवश्यक छ ।

विद्यालय शिक्षा ऐन लामो समयदेखि बहसमा छ । शिक्षकका माग पनि नयाँ होइनन् । सरकारले पटकपटक सम्झौता र सहमति गर्दै आएको छ । अब फेरि सहमति गरेर थन्क्याउने होइन, कार्यान्वयन हुने कानुन र स्पष्ट व्यवस्थापन चाहिएको छ । राहत शिक्षकले राज्यसँग दया मागेका होइनन् । वर्षौंसम्म गरेको सेवाको उचित मूल्यांकन खोजेका हुन् ।

शिक्षकले विद्यार्थी पढाउँदा आफू राहत, करार वा स्थायी भनेर छुट्याएर पढाएका छैनन् । विद्यार्थीले पनि शिक्षकको नियुक्तिको प्रकृति हेरेर ज्ञान ग्रहण गरेका छैनन् । तर राज्यले भने सेवा-सुविधाको समयमा शिक्षकलाई फरक-फरक समूहमा विभाजन गरेको छ । यही विभेद अन्त्य गर्नुपर्छ । शिक्षकको स्थायित्व, उचित पारिश्रमिक, सामाजिक सुरक्षा र सम्मानजनक सेवा-सर्त सुनिश्चित गर्नु सरकारको दायित्व हो । विद्यालय कर्मचारीलाई पनि विद्यालयको अभिन्न जनशक्तिका रूपमा स्वीकार गर्दै उनीहरूको सेवा-सुविधा र भविष्य सुनिश्चित गर्नुपर्छ ।

शिक्षा मानव सभ्यताको विकासको आधार हो । तर त्यो आधार निर्माण गर्ने शिक्षक स्वयं आफ्नो भविष्यप्रति आश्वस्त छैन भने हामीले कस्तो शिक्षित समाज निर्माण गर्ने ? आज शिक्षकको माग सुन्नु भनेको केवल शिक्षकको माग सुन्नु होइन, यो सार्वजनिक शिक्षाको भविष्य सुन्नु हो । त्यसैले सरकार अब आन्दोलन, सम्झौता र पुनः आन्दोलनको चक्रमा होइन, स्थायी समाधानको बाटोमा अघि बढ्नुपर्छ ।

शिक्षकलाई विभाजित गरेर होइन, सम्मान र समानताको आधारमा व्यवस्थित गरेर मात्र सार्वजनिक शिक्षालाई बलियो बनाउन सकिन्छ । राहत शिक्षकको आवाज दबाउने होइन, सुन्ने बेला आएको छ । विद्यालय कर्मचारीको पीडा बेवास्ता गर्ने होइन, समाधान गर्ने बेला आएको छ । वर्षौं सेवा गरेका शिक्षकलाई अनिश्चित भविष्यमा राखेर विद्यार्थीको उज्ज्वल भविष्यको सपना पूरा हुन सक्दैन ।

अन्ततः प्रश्न यति मात्र हो–देशको भविष्य पढाउने शिक्षकको आफ्नै भविष्य कहिलेसम्म अनिश्चित रहने ?

(लेखक नेपाल राहत शिक्षक झापाका जिल्ला उपाध्यक्ष हुन)

## सामाजिक सञ्जाल

### बेलायतमा विहिबारै जनपूर्णिमा मनाइने

नारायण गाउँले



बेलायतमा यस वर्ष जनैपूर्णिमा या रक्षाबन्धन अघिल्लो दिन अर्थात् अगष्ट २७ तारिख बिहिवार पो मनाउनुपर्ने रहेछ ! प्रवासका दुःख पनि आफ्नै हुने ! सकेसम्म चाडवाड नेपालकै तिथिमितिसँग जोडेर मनाउने रहर हुन्छ । तर कहिले त दशैं नै अघिल्लो दिन पर्न आउँदा निकै अप्ठेरो हुन्छ !

दशैं, तिहारजस्ता सांस्कृतिक र सामाजिक पर्व त तिथि र साइत यताउता परे पनि नेपालसँगै जोडेर मनाउन उपयुक्त हुन्छ कि जस्तो लाग्छ । दशैंको टीका त प्रसाद र आशीर्वाद हो । घरगाउँमा बुबाआमाले टीका सुरू नगर्दै विदेशमा कसरी टीका लगाएर फोटो हाल्नु ! यसै पनि पूर्णिमासम्म नै टीका लगाउने परम्परा हामीसँग छ । तर अन्य धार्मिक चाड या कर्मचाहिँ तोकिएको विधि र पद्धतिअनुसार नै गर्नु ठीक हुने होला ।

बेलायतमा ब्गनगकत २८, शुक्रवार त पूर्णिमा तिथिले कत्ति पनि नछुने पो रहेछ । त्यसमाथि बिहानै चन्द्रग्रहण पनि रहेछ । ग्रहणको दिन यस्ता धार्मिक अनुष्ठान गर्नु पक्कै जायज नहोला । त्यसैले पूर्णिमा तिथि रहेको बिहिवार नै रक्षाबन्धनको साइत जुराइएको देखियो । तैपनि धेरै नेपालीबीच कुन दिन मनाउने भन्ने अन्योल कायम नै छ । शुक्रवार बिहान ३.३३ देखि ६.१५ सम्म लण्डनमा चन्द्रग्रहण रहनेछ ! यसपालि तीजको तृतीया तिथि पनि सेप्टेम्बर १३, आइतवार नै रहेछ । तर नेपालमा तीज भोलिपल्ट मात्रै पर्छ । यस्तोमा व्रत नै बस्नेले आइतवार नै बस्ने र पूजा या नाचगानचाहिँ भोलिपल्ट गर्न ठीक होला । नेपाली डायस्पोरा विश्वभर फैलिएकोले पञ्चाङ्ग निर्णायक समितिले त्यसलाई आत्मसात् गरेर पञ्चाङ्ग निर्माण गरिदिने हो भने एकरूपता कायम गर्न सजिलो हुने थियो कि !

# जनैको महत्व र जनै धारणको विधि

रक्षाबन्धन वा जनैपूर्णिमाले सनातन वैदिक ब्राह्मणहरूलाई वर्षभरमा आत्मशुद्धिको अवसर प्रदान गर्छ । वैदिक परम्पराअनुसार वेदपाठी ब्राह्मणहरूका लागि श्रावण महिनाको पूर्णिमा सबैभन्दा ठूलो पर्व हो ।

यस दिनलाई ब्राह्मणहरु श्रावणी उपाकर्मका रूपमा मनाउँछन् । यजमानहरूका लागि कर्मकाण्ड यज्ञ, हवन आदि गर्नुको साटो आफ्नै आत्मशुद्धिका लागि अभिषेक र हवन गर्दछन् । अहिले यो संस्कार हट्दै गएको भए पनि अवशेष बाँकी नै छ । खासमा जनैपूर्णिमाको महत्व किन छ भन्ने सन्दर्भमा शास्त्रीय विधान यस्तो छः

सनातन धर्ममा दशैं क्षत्रीहरूको, तिहार वैश्यहरूको र फागु पूर्णिमा वा होली शूद्र एवं अन्य जन जनमानसका लागि विशिष्ट महत्वको पर्व हो । रक्षाबन्धन अर्थात श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने श्रावणी उपाकर्म ब्राह्मण वा द्विजहरूको सबैभन्दा ठूलो पर्व हो ।

वैदिककालदेखि नै द्विज जातिले पवित्र नदी एवं तीर्थका तटहरूमा आत्मशुद्धिको यो उत्सव मनाउँदै आएको छ, तर वर्तमान समयमा ब्राह्मण एवं वैदिक श्रावणीको परम्परालाई भुल्दै गइएको छ । यो कर्ममा आन्तरिक एवं बाह्य शुद्धि गोबर, माटो, खरानी, दतिउन, दुबो, कुश र मन्त्रहरूद्धारा गरिन्छ ।

पञ्चगव्य महाऔषधि हो । श्रावणी पर्वमा गाईको दूध, दही, घिउ, गोबर र गहुँतले पखालेर शरीर एवं अंतःकरणलाई शुद्ध गरिन्छ । यो उपाकर्मले व्यक्तिको शरीर, मन एवं आत्माका साथ संस्कारहरूलाई शुद्धि गर्छ ।

### जनैपूर्णिमा र जनैको महत्व

जनैपूर्णिमामा व्रतबन्ध गरेका द्विजातिहरूले जनै अर्थात् यज्ञोपवित फेर्दछन् । सनातन हिन्दू धर्मका १६ संस्कारमध्ये एक उपनयन संस्कार गरेपछि जनै लगाउने गरिन्छ ।

### धार्मिक महत्व

द्विज बालकले जनै लगाएपछि नै यज्ञ तथा स्वाध्याय गर्ने अधिकार पाउँछ । द्विजको अर्थ हुन्छ अर्को जन्म । जनैलाई उपवीत, यज्ञसूत्र, ब्रह्मसूत्रजस्ता नामले पनि चिनिन्छ । जनै धारण गर्ने परम्परा वैदिक कालदेखि चलिआएको छ ।

उपनयन संस्कार भएका वा व्रतमा बाँधिएका व्यक्तिले जनै लगाउँछन् । यसले ब्रह्म (ईश्वर) को नजिक लान सहयोग गर्छ । जनै तीनवटा पवित्र डोरो, सूत्र वा धागोबाट बन्छ । यसलाई देब्रे काँधमाथि तथा दाहिने हातमुनि पारेर लगाइन्छ ।

तीन सूत्रले ब्रह्मा, विष्णु र महेशलाई बुझाउँछ । यसलाई देवऋण, पितृऋण र ऋषिऋण अनि सत्व, रज र तमको प्रतीक पनि मानिन्छ । यी तीन सूत्रहरु गायत्री मन्त्रका तीन चरण र तीन आश्रमका पनि प्रतीक हुन् ।

जनैको लम्बाइ ९६ अंगुल हुन्छ किनकी जनै धारण गर्ने व्यक्तिले ६४ कला र ३२ विद्या सिक्ने प्रयास गर्नुपर्ने हुन्छ । बत्तीस विद्या चार वेद, चार उपवेद, ६ अंग, ६ दर्शन, तीन सूत्रग्रन्थ र नौ अरण्यक मिलेर बन्छन् । चौसट्ठी कलामा नृत्यकला, व्यञ्जनकला, चित्रकारिता, यन्त्र निर्माण आदि पर्छन् ।

### जनैको वैज्ञानिक महत्व

जनै लगाउने व्यक्ति सफाइको नियममा बाँधिएको हुन्छ । सफाइले उसको दाँत, मुख, पेट आदिका रोगबाट बचाउँछ । जनैलाई दाहिने कानमा बेर्दा कानको नसा थिचिन्छ अनि मस्तिष्कको सुषुप्त तन्तुले काम गर्छ ।

दाहिने कानको नसा अण्डकोष र गुप्तांगसँग जोडिएको हुन्छ । मूत्र विसर्जन गर्दा दाहिने कानमा जनै बेर्दा शुक्राणुको रक्षा हुन्छ । कानमा जनै बेर्दा सूर्य नाडी जागृत हुन्छ र एवं पेटसम्बन्धी रोग र रक्तचापको समस्या हट्छ ।

जनै धारण गर्दा विद्युत् प्रवाह रेखा नियन्त्रणमा रहन्छ र काम क्रोध नियन्त्रण गर्न सहज हुन्छ । जनैले पवित्रताको अनुभव गराउँछ । मनलाई खराब काममा लाग्नबाट यसले जोगाउँछ ।

### जनै धारण गर्ने विधि र त्यसपछिका नियम

स्नान र आचमन गरेर शुद्ध भएपश्चात् नयाँ जनै लगाउँदा यस्तो मन्त्र पढिन्छ–

ॐ यज्ञोपवीतं परमं पवित्रं, प्रजापतेयर्त्सहजं पुरस्तात् । आयुष्यमग्र्यं प्रतिमुञ्च शुभ्रं, यज्ञोपवीतं बलमस्तु तेजः॥

नयाँ जनै लगाइसकेपछि पुरानो जनै फुकाल्दा यस्तो मन्त्र पढिन्छ-

एतावद्दिन पर्यन्तं ब्रह्मत्वं धारित्वं मया । जीर्णत्वात्वत्परित्यागगच्छसूत्र यथासुखम् ॥

मलमूत्र विसर्जन गर्दा जनै दाहिने कानमा बेर्नुपर्छ र हात सफा गरेपछि मात्र निकाल्नुपर्छ । दाहिने कानमा गंगाको वास हुने भएकाले त्यसो गरिएको हो ।

जनैलाई कम्मरमाथि राख्नुपर्छ र मैलो वा अपवित्र हुन दिनुहुँदैन ।

जनैको एक डोरो चुँडियो वा जनै लगाएको ४ महिनाभन्दा बढी समय भयो भने बदल्नुपर्छ । चुँडिएको जनै शरीरमा धारण गर्नुहुँदैन । जनै मैलिन थाल्नुअघि नै परिवर्तन गर्नुपर्छ ।

घर वा कुलकुटुम्बमा जन्म वा मरणको सूतकपछि जनै बदल्नुपर्छ । जनै सफा गर्दा शरीरबाट निकालेर बाहिर राख्नुहुँदैन । सफा गर्नका लागि घाँटीमा नै त्यसलाई राखेर घुमाउँदै धुनुपर्छ । झुक्किएर जनै शरीरबाट निस्कियो भने प्रायश्चित्तका लागि एक माला गायत्री जप गरेर बदल्ने नियम छ ।

# भारतबाट करिब २५ हजार टन चिनी आयात गरिंदै



दमक/ सरकारले आशन्न चाडपर्वलाई लक्ष्य गरेर भारतबाट करिब २५ हजार टन चिनी आयात गर्ने भएको छ । आन्तरिक उत्पादनमा कमी आएको भन्दै भारतले चिनी निर्यात रोकेको छ । तर, नेपालको अनुरोधमा भारतले २५ हजार टन चिनी दिने भएको हो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले नजिकिँदै गरेका चाडपर्वमा चिनी अभाव हुन नदिन आन्तरिक र बाह्य दुवै स्रोत परिचालन गरी आपूर्ति व्यवस्थापन गर्ने तयारी भइरहेको जानकारी दिए । प्रवक्ता सुवेदीका अनुसार भारतबाट २५ हजार टन चिनी आयातको प्रक्रिया अघि बढेको छ । सरकारी कम्पनीहरूमार्फत भारतबाट उक्त चिनी आयात गर्ने काम भइरहेको उनले जानकारी दिए ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले १ हजार ५ सय टन र साल्ट ट्रेडिङ कर्पोरेसनले २२-२३ हजार टन चिनी भारतबाट ल्याउने प्रक्रिया सुरू गरेका छन् । यसमध्ये खाद्य कम्पनीका लागि भारतमा हाल १ हजार टन चिनी लोडिङ हुने क्रममा छ । यस्तै, केही चिनी आयात सुरू समेत भइसकेको छ ।

उनका अनुसार भारतले चिनी निर्यातमा प्रतिबन्ध लगाएको भए पनि नेपालको विशेष अनुरोधपछि दिन लागेको हो । सरकारी कम्पनीहरूलाई चिनी उपलब्ध गराउन परराष्ट्र मन्त्रालयमार्फत भारतसँग कुराकानी अगाडि बढाइएको थियो । अर्कोतिर भारतको 'एन्थल' नामक कम्पनीसँग पनि ईमेलमार्फत सिधा संवाद भइरहेको सुवेदीले जानकारी दिए । गत वर्ष पनि नेपालले भारतबाट सोही परिमाणमा चिनी आयात गरेको थियो ।

प्रवक्ता सुवेदीका अनुसार अहिले भारतमा चिनीको मूल्य उच्च भएको हुँदा साल्ट ट्रेडिङले गर्ने आयातमा केही अलमल भएको छ । भारतमा चिनीको मूल्य प्रतिकिलो ७० रूपैयाँभन्दा बढी पुगेको छ । महँगो चिनी आयात गर्दा नेपाली बजारमा उचित मूल्यमा बिक्री गर्न कठिन हुने भन्दै साल्ट ट्रेडिङ अलमलमा परेको हो । अन्तर्राष्ट्रिय बजारमा भने चिनीको मूल्य पहिलेको तुलनामा केही घट्दै छ ।

मन्त्रालयका अनुसार साल्ट ट्रेडिङले २२ देखि २३ हजार टन चिनी आयात सहजीकरणका लागि मन्त्रालयमा पत्राचार गरेको छ । यस सम्बन्धमा मन्त्रालय र साल्ट ट्रेडिङबीच संवाद भइरहेको छ ।

नेपालमा चिनीको कुल माग करिब २ लाख ६६ हजार टन रहेको अनुमान छ । यसमा स्वेदशी उत्पादन करिब १ लाख ९१ हजार टन छ । आन्तरिक उत्पादनले मात्र माग धान्न नसक्ने भएकाले बाँकी परिमाण आयात गर्नुपर्ने बाध्यता छ । चाडपर्वमा नेपालमा चिनीको खपत करिब ३० देखि ४० हजार टन हुन्छ ।

मनोरञ्जन

# एकै मञ्चमा १४ वटा तीज गीत सार्वजनिक



दमक/ एकै मञ्चमा एकसाथ १४ वटा मौलिक तीज गीतको विमोचन गरिएको छ । राष्ट्रिय लोक सञ्चारकर्मी नेपालको आयोजनामा राजधानीमा आयोजित एक कार्यक्रममा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालकी अध्यक्ष रिता थापा मगर, लोकगायक कृष्ण कँडेल लगायतले उक्त गीत सार्वजनिक गरेका हुन् ।

नजिकिँदै गरेको तीज पर्वलाई लक्षित गर्दै निर्माण गरिएका गीतहरूमा प्रकाश पराजुलीको 'म्वाईं खाँदै', राधा हमालको 'भुरूरू आउँथे बरै चरी भए त', समसेर पुनको 'मन पर्ने मान्छे', अनमोल बस्नेतको 'छैन केही पिर चिन्ता', विशाल छेत्रीको 'ए आमा तिम्रो दुःख', तारादेव डिसीको 'नाच भन्छे मैना', उमा बिडारीको 'म कस्ती देखिएँ', पूजन काफ्लेको 'तीजको लहर आउँदा बरिलै', लक्ष्मी पुरी प्रधानको 'नाच फुरूक्कै', सुमित्रा कोइरालाको 'आयो मलाई झलिको माइती देशैको', शिव राज पौडेलको 'छोरा बनाइदे' आइजी दानबहादुर कार्कीको 'चेलीले माइतीलाई सम्झेर', सरोज लामिछाने र कमल आचार्यको 'मनको बेदना', मोतिराज खनालको 'कम्मर भाँचौला' रहेका छन् ।

कार्यक्रममा लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालकी अध्यक्ष रिता थापा मगरले आफू मर्दा मलामी नभए पनि विकृतिजन्य गीतको विरूद्धमा बोल्न नछाड्ने बताइन् ।

गायक कृष्ण कँडेलले आफू जहिले पनि मौलिक सृजनाको पक्षमा रहेको बताए । उनले यो पटकको तीजमा पनि इन्द्रेणीले मौलिक तीज गीतहरूको ७ वटा सिरिज बनाएको छ । जहाँ महिला दिदीबहिनीहरूका गीत मात्र रहेका सुनाए ।

पुस्तक-साभार

# सफल वक्ता कसरी बन्ने

सं. विनिता पौडेल

## भाषणको मुख्य चरण

यो धर्तीमा जन्मेको हरप्राणी कुनै न कुनै प्रकारले एक अर्कालाई आफ्नो भाव तथा विचारसँग अवगत गराउने कोसिस गर्छ। यी सबमा केवल मानिस नै यस्तो प्राणी हो, जोरींग बोलीको अद्भुत शक्ति छ । ईश्वरको यो अनमोल उपहारको कारण नै हामी आफ्नो विचार बोलेर अरुको अगाडि व्यक्त गर्न सक्छौ। हामी आफ्नो योग्यता आदिको बारेमा पनि यसैको माध्यमले अरुलाई बताउँछ। केही मानिस कम ज्ञान, डरपोक हुनाको कारण आफ्नो विचार सही ढंगले व्यक्त गर्न सक्दैनन् तर आज केवल त्यही मानिस सफल हुनसक्छ जो बेनिक आफ्नो विचार अरुको अगाडि ल्याउन सक्छन्। तपाईको विचार चाहे जति नै महान् भए पनि यदि तपाई त्यसलाई व्यक्त गर्न सक्नु हुन्न भने तपाई बुद्धिमान हुनुको कुनै अर्थ छैन। तपाई मित्र ज्ञान त्यो गाडिएको धनकै छ, जसको बारेमा कसैलाई थाहा छैन। त्यसैले तपाईले आफ्नो विचार व्यक्त गर्ने कला सिक्ने प्रयत्न गर्नुपर्छ । सबै कोसिस गर्दै जानुस् कि तपाई आफ्नो विचार कुनै एक्लो मानिसलाई, जनतालाई या सानो समूहलाई राम्रोरौगले बुझाउन सक्नुहोस् । तपाई जब आफ्नो विचार राम्रो तरिकाले प्रस्तुत गर्नमा साथल हुनुहुनेछ तब पाउनु हुनेछ छ कि तपाई नित्र एक नयाँ शक्तिको संचार गैरहेको छ । यसबाट तपाईंको व्यक्तित्वमा पनि निखार आउने छ । आफ्नो विचारलाई सफलतापूर्वक एक पक्ताको रूपमा व्यक्त गर्नाले जुन खुशी, जुन उत्साह तपाईले पाउनु हुनेछ, त्यो दुनियाँको कुनै औषधीले दिन सक्दैन ।

**प्रभाव उत्पन्न गर्नुस्**

भाषण दिनुभन्दा पहिला तपाईले यो कुरामा ध्यान दिनुपर्छ कि श्रोताको लागि जानकारीको साथ साथै भाषणलाई रुचिकर बनाउनु छ । जब सारा तथ्य, सारा जानकारी तपाईसँग एकत्रित हुनेछ तब त्यसलाई सजिलो शब्दको प्रयोग गरेर यसरी क्रमबद्ध गर्नुस् कि भाषण दिदा समय प्रवाह पनि बनिरहोस् तथा श्रोताले पनि त्यसलाई मनपराउन् । मलाई लाग्छ कि भाषण पनि बिक्रीको वस्तु भै हो। जसरी एक बिक्रेताले आफ्नो सामान बेच्नको लागि अनेकौ प्रकारले क्रेतालाई आकर्षित गर्नुपर्छ तथा विज्ञापनद्वारा पनि प्रचार गर्नुपर्छ, ठीक त्यसै प्रकार एक वक्ताले पनि धेरै मेहनत गर्नुपर्छ । सधै याद राख्नुस् कि एक राम्रो भाषण गर्नको लागि तपाईले राम्रो शुरूवात गर्नुपर्ने छ । यो प्रभावशाली शुरूवातसँगै केही रोचक जानकारी श्रोतासँग बाँड्नु छ, ताकि तपाईंको भाषणमा रूचि बनिरहोस् तथा तपाईंको विचारलाई ध्यानपूवर्क सुन्न सकियोस् ।

तपाईंलाई यदि जनताको अगाडि लोक वक्ता कसरी बन्ने भन्ने विषयमा भाषण गर्नको लागि भनियो भने निश्चित रूपमा नै तपाईले कोसिस गर्नु हुनेछ कि भाषण राम्रो स्तरको होस् । भाषण गर्नुभन्दा पहिला तपाईंले आफैसँग यो प्रश्न सोध्नुपर्छ कि श्रोता मेरो भाषण किन सुन्न चाहन्छन् ? सायद उनीहरू तपाईंको भाषण यसकारणले सुन्न चाहन्छन् कि उनीहरू एक राम्रो वक्ता बन्न चाहन्छन् । तपाईले आफ्नो भाषणमा सजिलो, प्रभावशाली तथा रोचक भाषाको प्रयोग गर्नुपर्ने छ । कारण धेरै मानिस तपाईंलाई आदर्श मानेर हिड्छन् । त्यसैले तपाईंले भाषण गर्नुभन्दा पहिला राम्रोसँगले अभ्यास गर्नुपर्छ। यस्तो खालको भाषणमा जनताले न गल्तीको आशा गर्छन् न गल्ती सहन गर्न नै सक्छन् । क्रमशः....

खानपान/जीवनशैली

# सखरखण्ड खानुका फाइदा के छन् ?

सखरखण्ड वनस्पतिको जरा हो, जुन 'स्टार्च'ले भरिएको हुन्छ तथा स्वाद गुलियो हुन्छ । यसको बोक्रा पातलो र बाहिर खैरो, रातो वा हलुका कफी रङको हुन्छ र भित्र रातो र सेतो रङको हुन्छ । यो विभिन्न रङको हुन्छ । यो कतै सुन्तला रङमा पाइन्छ भने कतै सेतो, बैजनी, पहेँलो वा नौनी ध्यू रङको पनि हुन्छ । नेपालमा कुनै भूभागमा यसलाई सखरखण्ड भनिन्छ भने कतै सुठुनी र तराईमा अलुवा पनि भनिन्छ ।

सखरखण्ड सफा गरेर बोक्रैसहित वा बोक्रा हटाएर काँचै वा उसिनेर वा पोलेर खान सकिन्छ । यसको पात पनि खान हुन्छ ।

**सखरखण्डमा पाइने पोषक तत्व**

सखरखण्ड फाइबर, भिटामिन बी र सीसँगै आइरन, क्याल्सियम, सेलेनियमजस्ता खनिजले भरिपूर्ण हुन्छ । यसबाहेक सखरखण्डमा बिटा-क्यारोटिन भन्ने पोषक तत्व प्रचूर मात्रामा पाइन्छ, जुन 'एन्टिअक्सिडेन्ट' हो । हामीले खाएको बिटा-क्यारोटिन शरीरमा भिटामिन एमा परिणत हुन्छ । ८० ग्राम सखरखण्डले नै हामीलाई पर्याप्त पोषण दिन्छ ।

**के सखरखण्डले क्यान्सरको जोखिम घटाउँछ ?**

क्यान्सर लगायत अन्य रोगको जोखिम घटाउने कुनै एउटा विशेष खानेकुरा वा 'सुपरफुड' छैन । किनभने क्यान्सर हुने सम्भावन भोजनसँग गाँसिएको छैन । तर, हामीले स्वस्थकर र पोषणयुक्त भोजन गरे क्यान्सरको जोखिम घट्ने विभिन्न अध्ययनले देखाएका छन् ।

फलफूल र सागसब्जीमा प्रचूर मात्रामा एन्टिअक्सिडेन्ट र 'कम्पाउन्ड्स' पाइन्छ, जसले हाम्रो शरीरलाई 'फ्रि र्‍याडिकल'ले गर्ने हानीबाट बचाउँछ । विभिन्न अध्ययनले सखरखण्डको बोक्रामा पाइने दुर्लभ एन्टिअक्सिडेन्ट र विशेषगरी वैजनी रंगको सखरखण्डले शरीरमा हुने 'अक्सिडेसन' प्रक्रिया न्यून गर्ने भएकाले क्यान्सरको जोखिम घटाउन सघाउने देखाएका छन् ।

रोचक भनाई

१. खुसी त्यही व्यक्तिलाई प्राप्त हुन्छ, जो अरूको खुसी देख्न चाहन्छ । - अज्ञात

२. आफैमाथि विजय गर्नु सबैभन्दा श्रेष्ठ र महानतम विजय हो । -प्लेटो

३. सानोतिनो असफलतामा जो डराउँछन्, उनीहरू जीवनभर मुकदर्शक बनिरहन्छन् । अज्ञात

४. समझदार व्यक्तिले सारसले जस्तै होशियारीपूर्वक काम गर्नुपर्छ । स्थान, समय र आफ्नो क्षमता बुझेर कार्य सम्पन्न गर्नुपर्छ । -चाणक्य

५. आफैलाई कमजोर सम्झनु सबैभन्दा ठूलो पाप हो - स्वामी विवेकान्द

६. दृष्टिकोण एक समान्य कुरा हो तर, त्यसले धेरै ठूलो फरक पार्छ । -विस्टन चर्चिल

७. त्यस व्यक्तिको अटल साहसभन्दा धेरै प्रभावशारी केही पनि छैन, जो आफ्नो स्वतन्त्रता र सम्मानका लागि दुःख सहन अनि त्याग गर्न तयार छन् । -मार्टिन लूथर किंग

८. हामीले नयाँ परिस्थितीमा नयाँ सोंचका साथ काम गर्नुपर्छ । -अब्राहम लिंकन

९. उत्कृष्टता एक शतत प्रक्रिया हो, कुनै दुर्घटना होइन ।

स्वास्थ्य

# एउटै हो त ट्युमर र क्यान्सर ?



दमक/ ट्युमर र क्यान्सर एक अर्कासँग जोडिएका हुन्छन् । तर यी दुवै पूर्ण रूपमा समान भने छैनन् । यी दुईको बीचमा एउटा ठुलो अन्तर हुन्छ । जसलाई प्रायः मानिसहरूले बेवास्ता गर्छन् । यसकै कारण त्रास सिर्जना हुन्छ । अमेरिकाको दाना-फार्बर क्यान्सर इन्स्टिच्युटले यी दुई बिच कसरी फरक छुट्याउने भनेर सिकाएको छ ।

**के हो ट्युमर ?**

शरीरको कुनै भागमा कोशिकाहरु असामान्य रूपमा धेरै बढेर बनेको गाँठो वा मासुको डल्लो नै ट्युमर हो । यस्ता गाँठो वा डल्लाहरु क्यान्सरयुक्त वा गैर-क्यान्सरयुक्त दुवै हुन सक्छन् । ट्युमर अङ्ग, मांसपेशी वा हड्डी जस्ता ठोस तन्तुहरूमा विकास हुन्छ । यो रक्तप्रवाह वा लिम्फेटिक प्रणाली मार्फत नजिकैका तन्तुहरूमा फैलिन सक्छ ।

**ट्युमर र क्यान्सरबिच के भिन्नता छ ?**

क्यान्सर एक रोग हो जसमा शरीरको कुनै पनि भागका कोषहरु अनियन्त्रित रूपमा विभाजित हुन थाल्छन् वरपरका तन्तुहरूसम्म फैलिन सक्छन् र त्यहाँ पुगेर सेकेन्डरी ट्युमर पनि बनाउन सक्छन् । सबै खाले ट्युमर घातक हुँदैनन् तर क्यान्सर भने घातक हुन्छन् ।

ट्युमर दुई प्रकारका हुन्छन्, घातक र हानी नगर्ने । घातक ट्युमर क्यान्सरयुक्त हुन्छन् । हानी नगर्ने ट्युमर भने क्यान्सरयुक्त हुँदैन । क्यान्सरको निदान गर्न, डाक्टरहरूले ट्युमरको जाँच गर्छन् ।

ट्युमर क्यान्सरयुक्त छ कि छैन भनेर निर्धारण गर्न बायोप्सी गरिन्छ ।

हानी नगर्ने ट्युमरहरु शरीरभरि फैलिँदैनन् । त्यसकारण, धेरैजसो यस्ता ट्युमरहरु घातक वा जीवन नै खतरामा पार्ने खालका हुँदैनन् । यद्यपि, मस्तिष्क केही ट्युमरहरु भने खतरनाक हुन सक्छन् ।

# विश्वप्रसिद्ध गायिका डली पार्टनको निधन



एजेन्सी/ अमेरिकी गीतसंगीतकी विश्वप्रसिद्ध गायिका, गीतकार, अभिनेत्री, व्यवसायी तथा मानवतावादी डली पार्टनको ८० वर्षको उमेरमा निधन भएको छ । परिवारका अनुसार उनको मंगलबार न्यासभिलमा शान्तिपूर्ण रूपमा निधन भएको हो । परिवारका सदस्य र नजिकका आफन्त मात्र सहभागी हुने गरी निजी अन्त्येष्टि समारोह आयोजना गरिने जनाइएको छ । पार्टनका प्रचार प्रतिनिधि मार्सेल पेरिसोका अनुसार उनी केहि समयदेखि क्यान्सरसँग जुधिरहेकी थिइन् ।


पार्टनको निधनसँगै अमेरिकी कन्ट्री संगीतले आफ्नो इतिहासकै सबैभन्दा प्रभावशाली र लोकप्रिय कलाकारमध्ये एकलाई गुमाएको छ । आधा शताब्दीभन्दा लामो सांगीतिक यात्रामा उनले अमेरिकी संगीतलाई अमेरिकी सीमाभन्दा बाहिर विश्वव्यापी लोकप्रियतासम्म पुर्‍याउन महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् । पार्टनले आफ्नो करिअरमा ३ हजारभन्दा बढी गीत लेखिन्, ४९ वटा एल्बम सार्वजनिक गरिन् र ११ वटा ग्रामी अवार्ड जितिन् । 'जोलिन', 'आई विल अलवेज लभ यू', 'कोट अफ मेनी कलर्स' र '९ टु ५' उनका सर्वाधिक चर्चित सिर्जनामध्ये हुन् । विशेषगरी 'आई विल अलवेज लभ यू' उनको पहिचानसँग जोडिएको कालजयी गीत बन्यो । पछि ह्विट्नी ह्युस्टनले यही गीत गाएपछि यसले विश्वव्यापी रूपमा अभूतपूर्व लोकप्रियता पायो ।

पार्टनको जीवनकथा अमेरिकी सपनाको एउटा चर्चित उदाहरणसमेत मानिन्छ । १९ जनवरी १९४६ मा टेनेसीको एक कोठे घरमा जन्मिएकी उनी १२ सन्तानमध्ये चौथी थिइन् । अत्यन्त कमजोर आर्थिक अवस्था भएको परिवारमा हुर्किएकी उनले बाल्यकालदेखि नै संगीतलाई आफ्नो जीवनको हिस्सा बनाइन् ।




दैनिक राशिफल

आज मिति २०८३ साल भदौ ११ गते बुधबार
27 Aug. 2026
तिथि: चर्तुदशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | हिम्मत बढ्ने । मावलीको प्रगती । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पढाईमा सफलता । लगानीमा राम्रो चल्ने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | पारीवारिक समस्या । खर्चमा वृद्धि । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | भाईबहिनीको सहयोग । पराक्रम बढ्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पढाईमा सफलता । आयमा वृद्धि । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मिष्ठान्न भोजन । लगानी उठ्ने । |
| तुला | रा री रु रे रो ता ती तु ते | माताामा कष्ट । खर्च बढ्ने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मानसम्मान प्राप्ती । दाजु, काकाबाट सहयोग । |
| धनु | य यो भा भी भ धा फा ढ भे | मित्रबाट सहयोग । आर्थिक उन्नती । |
| मकर | भो जा जी खि खू खे खो गा गी | साथीभाईको प्रगती । कार्यमा सफलता । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | दुर्घटनाको भय । शत्रु बढ्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | प्रेममा सफलता । पारीवारिक सुख । |

# लाखेजात्रा पर्व मनाउँदै नेवार समुदाय




दमकको यलम्बर चोकमा बुधवार देखाइएको नेवार समुदायको लाखे नाच । नेवार समुदायले लाखेको मखुन्डो, चम्मर पहिरिएर, राक्षसको रूप धारण गरी ढोल, झ्याम्टा, बजाउदै नाचसहित दमकबजार परिक्रमा गरेका छन् ।

पौराणिक किंवदन्ती अनुसार मजिपा भन्ने शहरमा नरभक्षी राक्षसको त्यहाँका एक युवतीसँग प्रेम बस्न पुगेको थियो । राक्षस मानव रूप लिएर ति युवतीलाई भेट्न आउने गर्दथ्यो ।

एकदिन त्यहाँका मानिसले राक्षसले युवतीलाई भेट्ने कुरा थाहा पाएर राक्षसलाई समाती उक्त शहरका राजा भए ठाउँमा लगेपछि राजाले राक्षसलाई सजाय दिनुको सट्टामा राक्षसले सोही शरहमा रही बालबच्चाको रक्षा गर्नुपर्ने शर्तलाई राक्षसले स्वीकार गरेपछि त्यही शहरमा राक्षस बालबच्चाको रक्षा गर्दै रहन थालेको पौराणिक किंवदन्ती रहेको छ । सोही राक्षसको सम्झनामा लाखे जात्रा मनाईने चलन रहँदै आएको छ । अहिले पनि मखुण्डो लगाएपछि मानव शरीरमा उक्त राक्षस आउने जनविश्वास छ ।

## झापाका युवक पक्राउ

**दमक/** प्रधानमन्त्री बालेन शाहलाई सामाजिक सञ्जालमार्फत ज्यान मार्ने धम्की दिएको आरोपमा झापाका एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा झापाको भद्रपुर-९ घर भई कीर्तिपुर बस्दै आएका २३ वर्षीय पुस्कर दहाल छन् । उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको हो । कीर्तिपुर नयाँ बजारबाट पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि साइबर ब्यूरो भोटाहिटी पठाइएको छ । उनले इन्स्टाग्राममा स्टाटस गर्दै प्रधानमन्त्री शाहलाई २३ भदौमा सिध्याइदिने भनेर लेखेर प्रहरीलाई ट्याग गरेका थिए । उनले प्रहरीलाई समेत गाली गरेको आरोप छ ।

***जोगबनीबाट....***सडकमा रोकिएका छन् । लामो समयसम्म सवारीसाधन रोकिँदा उद्योग तथा व्यापारको आपूर्ति शृंखला प्रभावित हुने जोखिम बढेको छ । जोगबनी नाकाबाट सामान्य अवस्थामा दैनिक ३५० देखि ४०० सम्म मालबाहक ट्रक तथा कन्टेनर विराटनगर भन्सार हुँदै नेपाल प्रवेश गर्ने गरेका छन् । तर, आन्दोलन सुरू भएपछि आयात-निर्यातसँगै भन्सार राजस्व संकलनसमेत प्रभावित भएको छ ।

विराटनगर भन्सार प्रमुख उमेश श्रेष्ठका अनुसार मंगलबार पारिबाट कुनै पनि मालबाहक ट्रक तथा कन्टेनर नेपाल प्रवेश गरेका छैनन् । आयात नै रोकिएपछि भन्सार राजस्व संकलन हुने अवस्था नरहेको उनले बताए ।

विराटनगर भन्सारले दैनिक औसत १२ करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको छ । सोमबार भने अघिल्लो दिन प्रवेश गरेका मालवाहक सवारीबाट करिब ९ करोड रूपैयाँ राजस्व उठेको थियो । मंगलबार भने नाकाबाट एउटा पनि मालबाहक सवारी प्रवेश नगरेकाले राजस्व संकलन शून्यमा झरेको छ ।

***बाढी...***छ । टोलीले भग्नावशेष तथा जोखिमयुक्त क्षेत्रमा पुरिएका व्यक्तिको सम्भावित अवस्थाबारे खोजी तथा पहिचान गरिरहेको छ ।

बाढी प्रभावित क्षेत्रमा तत्काल उद्धार, उपचार, खोजी तथा राहत कार्यलाई प्रभावकारी बनाउन सुरक्षा निकायले आवश्यक जनशक्ति, स्वास्थ्य टोली, उद्धार सामग्री तथा प्रविधिको प्रयोग बढाएका छन् । जोखिमयुक्त क्षेत्रमा फसेका तथा सम्पर्कविहीन नागरिकको खोजीलाई प्राथमिकतामा राखेर उद्धार कार्य जारी राखिएको जनाइएको छ ।

यसैबीच, नदी थुनिएको स्थानमा पानीको ताल अझै पूर्ण रूपमा नभरिएको भन्दै भोटेकोशी र त्रिशूली नदी आसपासका क्षेत्रमा जोखिम कायमै रहेको सूचना जारी गरिएको छ । अर्को सूचना जारी नभएसम्म नदीबाट टाढा सुरक्षित स्थानमा रहन सम्बन्धित निकायले आग्रह गरेको छ ।

यसैगरी रसुवाको स्याफ्रुबेँसीमा निर्माणाधीन २० मेगावाटको लाङटाङ खोला जलविद्युत् आयोजनामा कार्यरत इन्जिनियरसहितका ६० कर्मचारी सम्पर्कविहीन भएका छन् । रसुवाको भोटेकोशी नदीमा आएको बाढीको कारणले सो जलविद्युत् आयोजनामा कार्यरत कर्मचारी सम्पर्कविहीन भएका हुन् । लाङटाङ जलविद्युत् आयोजनाका प्रबन्ध निर्देशक तथा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपालका सचिव विजयमोहन भट्टराईले आयोजनामा कार्यरत इन्जिनियरसहित ६० जना कर्मचारी सम्पर्कविहीन भएकाले खोजी कार्य गर्न सरकारसँग माग गरेका छन् ।

यसैविच सरकारले बाढीबाट प्रभावित रसुवा नुवाकोट र धादिङका जिल्लाहरूलाई संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए । विपदबाट प्रभावित भएको स्थानीय तहलाई संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय भएको हो ।

### बाढीका कारण १३ वटा विद्युत् आयोजनामा असर

रसुवामा आएको भीषण बाढीका कारण सञ्चालनमा रहेका तथा निर्माणाधीन गरी १३ विद्युत् आयोजना प्रभावित भएका छन् । प्रारम्भिक विवरणअनुसार बाढीबाट प्रभावित आयोजनामध्ये ८ वटा सञ्चालनमा रहेका छन् भने ५ वटा निर्माणाधीन अवस्थाका थिए ।

नेपाल विद्युत् प्राधिकरणको प्रारम्भिक विवरणअनुसार बाढीका कारण असर परेकामा सञ्चालनमै रहेका ३५४ मेगावाट क्षमताका ८ वटा आयोजना छन् । त्यस्तै ३९४ मेगावाट क्षमताका ५ वटा निर्माणाधीन आयोजना प्रभावित बनेका छन् । यसरी बाढीबाट प्रभावित आयोजनाको कुल क्षमता ७४८ मेगावाट रहेको छ ।

रसुवा जिल्लामा मात्रै सञ्चालनमा रहेका प्रमुख जलविद्युत् आयोजनामा २१६ मेगावाटको माथिल्लो त्रिशूली-१, १११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजना, रसुवा-भोटेकोशी १२० मेगावाट, माथिल्लो मेलुङ-ए ६.४२ मेगावाट, सान्जेन खोला ७८ मेगावाट, लाङटाङ खोला २० मेगावाट र चिलिमे २२ मेगावाट क्षमताका जलविद्युत् आयोजना बाढीका कारण प्रभावित भएका छन् ।

### बाढीबाट १९ वटा पुलमा क्षति

त्रिशूलीमा गएको बाढीका कारण त्रिशूली नदीमा रहेका कम्तीमा १९ वटा पुलमा क्षति भएको सडक विभागले जनाएको छ । सडक विभागका उपमहानिर्देशक तथा प्रवक्ता शुभराज न्यौपानेका अनुसार बाढीका कारण हालसम्म त्रिशूली नदीमा रहेका कम्तीमा १९ वटा पुलमा क्षति पुगेको छ । त्यस्तै, कम्तीमा ४० किलोमिटर सडकमा क्षति पुग्नुका साथै सडक भत्किएको उनको भनाइ छ । न्यौपानेका अनुसार क्षतिग्रस्त क्षेत्रमा सडक विभागले भारी उपकरण तथा मेसिन परिचालन गरी सडक तथा पुलको अवस्था सुधार गर्ने काम अघि बढाएको छ ।

***कृषि...***अनुदान दिने व्यवस्था थियो । अहिलेको नयाँ कार्यविधि अनुसार एक करोड रूपैयाँसम्म लगानी गर्नेलाई ८० प्रतिशत अनुदान र एक करोडभन्दा माथिका लागि ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिएको छ । मन्त्रालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को अधिकार प्रयोग गरी कार्यविधि बनाएर यो नयाँ व्यवस्था गरेको उनले बताए ।

## *उद्धारमा खटिन चिनियाँ राष्ट्रपतिको निर्देशन*

***बेइजिङ/*** *चीनका राष्ट्रपति सी जिनपिङले नेपाल-चीन सीमावर्ती क्षेत्रमा गएको बाढीपहिरोमा बेपत्ता भएका मानिसहरूको खोज तथा उद्धारका लागि निर्देशन दिएका छन् । समाचार एजेन्सी ग्लोबल टाइम्सले सिन्ह्वालाई उद्धृत गर्दै यो जानकारी दिएको हो । राष्ट्रपति सीले आफ्नो पूर्ण क्षमता प्रयोग गरेर खोजी कार्यमा लाग्न निर्देशन दिएका हुन् । बाढी पहिरोका कारण दक्षिण-पश्चिम चीनको सिजाङ स्वायत्त क्षेत्रस्थित केरुङ नाकामा क्षति पुगेको छ । समाचार अनुसार सीमा क्षेत्रको चिनियाँ बन्दरगाहमा ठूलो जनधनको क्षति भएको छ ।*

## सूचना

आ.व. २०८३/०८४ सालका लागि यस **राष्ट्रिय बहुमुखी सहकारी संस्था**को वार्षिक लेखापरीक्षण कार्य गर्न निम्न लिखित मिति भित्रमा नियमानुसार दरखास्त पेश गर्नका लागि इच्छुक दर्तावाला, नेपाल सरकार बाट मान्यता प्राप्त लेखा परीक्षकहरुद्वारा आवश्यक कागजात संलग्न राखी निवेदन पेश गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपशील

- **मिति : २०८३ भाद्र १७ गते बुधबार**
- **समय : बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म**
- **स्थान : संस्थाको कार्यालय दमक-८, झापा**

**राष्ट्रिय बहुमुखी सहकारी संस्था लि.**
**दमक-८, झापा फोन ०२३-५७४०११/५७२६७६**

अन्तर्राष्ट्रिय

## 'सम्भव भएसम्म सबैखाले सहयोग गर्छौं' -*भारत*

**दमक/** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा आएको बाढीका कारण भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गरेका छन् । प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहसँग बुधबार टेलिफोन संवाद गर्दै मोदीले भोटेकोशी तथा त्रिशुली नदीमा आएको बाढीका कारण भएको क्षतिप्रति दुःख व्यक्त गरेका हुन् । यस प्राकृतिक विपदमा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै कठिन समयमा भारत नेपाली जनताको साथमा रहेको बताएको मोदी स्वयंले सामाजिक सञ्जाल एक्समार्फत् जानकारी दिएका छन् । साथै, उनले नेपाललाई आवश्यक पर्ने सबै सम्भव मानवीय सहायता उपलब्ध गराउन भारत तयार रहेको पनि उल्लेख गरेका छन् ।

उद्धार तथा राहत कार्यका लागि दुवै देशका टोलीबीच नजिकबाट समन्वय भइरहेको मोदीले उल्लेख गरेका छन् ।

## आइडी कार्ड हराएको सूचना

उर्लाबारी नगरपालिका वडा नं. ८ स्थायी निवासी धर्मानन्द दाहालको छोरा नविन दाहालको युनाइटेड अरब इमिरेटस् (युएई) स्थित Tristar Engineering and construction LLC Dubai Branch को तसिशलको विवरण अनुसारको कम्पनी आइडी कार्ड विराटनगरबाट उर्लाबारी जाने क्रममा मिति २०८३ जेठ २० गते हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तपशिलको नम्बरमा सम्पर्क गरी खबर गरिदिनु हुन अनुरोध छ ।

**तपशिल**

| | | |
|---|---|---|
| **नाम** | : | Nabin Dahal |
| **कम्पनी आइडी नं.** | : | 784-1988-5058360-4 |
| **कार्ड नं** | : | 146499314 |
| **जारी मिति** | : | 16/06/2025 |
| **म्याद समाप्त हुने मिति** | : | 15/06/2027 |
| **जन्म मिति** | : | 24\07\1988 |
| **सम्पर्क नं.** | : | 9716603610 |

खेल समाचार

# कात्तिक दोस्रो सातादेखि संखुवासभा गोल्डकप

**दमक/** पूर्वी पहाडमा 'संखुवासभा गोल्डकप' कात्तिक दोस्रो सातादेखि हुने भएको छ । आयोजक एड्भान्स क्लबले स्थापनाकालमा जिल्लास्तरीय अरुण कपबाट फुटबल प्रतियोगिता सुरु गरेको थियो । प्रतियोगिताका संयोजक जिल्लामान राईका अनुसार २०६४ सालदेखि बर्सेनि दसैं र तिहारको बीचमा अरुण भ्याली रनिङ शिल्डको नाममा प्रतियोगिता हुँदै आएको थियो । समग्र जिल्लालाई प्रतिनिधित्व गर्ने उद्देश्यले यो वर्षदेखि 'संखुवासभा गोल्डकप' गर्न लागिएको हो ।

यही कात्तिक १४ गतेदेखि २० गतेसम्म खाँदबारी-३ मानेभञ्ज्याङस्थित महेन्द्र माध्यमिक विद्यालयको खेलमैदानमा हुने प्रतियोगिताको पुरस्कार राशि पनि वृद्धि गरिएको छ । यसअघि अरुण भ्याली रनिङ शिल्डको विजेताले दुई लाख पाउँदै आएको थियो ।

पहिलो संस्करणको संखुवासभा गोल्डकपको विजेताले नगद पाँच लाख रुपैयाँ र उपविजेताले तीन लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तै उत्कृष्ट गोलरक्षक, मिडफिल्डर, डिफेन्डर, फरवार्ड, सर्वाधिक गोलकर्ता र उत्कृष्ट प्रशिक्षकलाई जनही सात हजार रुपैयाँ प्रदान गरिनेछ ।

प्रत्येक खेलका प्लेयर अफ द म्याचलाई पाँच हजार रुपैयाँ पाउँदा सर्वोत्कृष्ट खेलाडीलाई १० हजार रुपैयाँ र ट्रफी प्रदान गरिने राईले बताए । प्रतियोगितामा कुल ५५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको क्लबका अध्यक्ष प्रकाश घिमिरेले बताए ।

प्रतियोगितालाई खाँदबारी-३ को वडा कार्यालयले आठ लाख रुपैयाँ सहयोग गरेको वडा अध्यक्ष तथा जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष भरत घिमिरेले जानकारी दिए ।

प्रतियोगितामा संखुवासभाका चार ए डिभिजन क्लब, राष्ट्रिय ए डिभिजन क्लब तथा छिमेकी जिल्लाका ए डिभिजन क्लब गरी ८ टिमको सहभागिता रहने आयोजकले जनाएको छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ **झापाली इटा**
बजारमा
झापाली इटा
**ठूलो साइजको ईटा उपलब्ध छ ।**
सम्पर्कका लागि:
**भगवान बस्नेत** : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

## हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सूचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तससिल बमोजिमको चल अचल सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आवान गरिन्छ । साथै ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवं सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्यहोरा यसै सुचनाद्वारा सूचित गरिन्छ । प्रकाशित सूचनाको म्यादभित्र ऋणी, व्यक्ति, फर्म, सोका प्रोप्राइटर, कम्पनी, सोका संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रक्रिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी, बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन कुनै बाधा पर्ने छैन । साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैंकले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सूचित गरिन्छ ।

### तपसिल

| ऋणीको नाम | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालय: दमक शाखा, झापा** | |
| १. वाणिज्य विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय झापा) मा प्रा.फ.र.नं. २६८/१७७१/२०६६/०६७ कायम भई मिति २०६६/०९/२८ मा दर्ता भएको **मथुरा ईन्टर प्राइजेज (ऋणी)**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **पारस श्रेष्ठ**<br>व्यक्तिगत जमानी दिने: **संगीता श्रेष्ठ, करुणा श्रेष्ठ, भेनस श्रेष्ठ र दुर्गा प्रसाद श्रेष्ठ**<br><br>२. वाणिज्य विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय झापा) मा प्रा.फ.र.नं. २९४/२३४९ कायम भई मिति २०६७/११/१९ मा दर्ता भएको **न्यू झापा ट्रेड कर्न्सन (ऋणी)**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **संगीता श्रेष्ठ**<br>व्यक्तिगत जमानी दिने: **पारस श्रेष्ठ, करुणा श्रेष्ठ, भेनस श्रेष्ठ र दुर्गा प्रसाद श्रेष्ठ**<br><br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८३।०२।०५ को नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । | **ऋणी मथुरा ईन्टर प्राइजेज र न्यू झापा ट्रेड कर्न्सनको लागि धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण:**<br>खड्ग बहादुर श्रेष्ठको नाति दुर्गा प्रसाद श्रेष्ठको छोरा मोरङ जिल्ला विराटनगर उप म.न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ११ बस्ने **पारस श्रेष्ठ -१** र ऐ.को नाति ऐ. को छोरा ऐ.ऐ. बस्ने **भेनस श्रेष्ठ -१** समेत जना २ को संयुक्त नाममा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. ११ सिट नं. १७३१५७७११ स्थित कित्ता नं. ३६२ को क्षेत्रफल २७५.०० वर्ग मिटरको घर/जग्गा समेत ।<br><br>**ऋणी न्यू झापा ट्रेड कर्न्सनको लागि धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण:**<br>१. खड्ग बहादुर श्रेष्ठको नाति दुर्गा प्रसाद श्रेष्ठको छोरा मोरङ जिल्ला विराटनगर उप म.न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ११ बस्ने **भेनस श्रेष्ठको** नाममा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ८घ (हाल परिवर्तित उर्लाबारी न.पा. वडा नं. १) स्थित कित्ता नं. ९०२ को क्षेत्रफल १३५४.५२ वर्ग मिटरको जग्गा समेत ।<br>२. छविलाल श्रेष्ठको नाति खड्ग बहादुर श्रेष्ठको छोरा मोरङ जिल्ला विराटनगर उप म.न.पा. वडा नं. १० (हाल परिवर्तित विराटनगर म.न.पा. वडा नं. ७) बस्ने **दुर्गा प्रसाद श्रेष्ठको** नाममा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ८घ (हाल परिवर्तित उर्लाबारी न.पा. वडा नं. १) स्थित कित्ता नं. ७५३ को क्षेत्रफल ३-१४-११ (विघा) जग्गा समेत । |

**बोलपत्रका शर्तहरु :**
१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी दिन सकिनेछ ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र पेश गर्ने स्थान | बोलपत्र खोलिने स्थान |
|---|---|---|---|
| २०८३/०५/२५ कार्यालय समय सम्म | २०८३/०५/३० अपरान्ह २:०० बजे | यस बैंकको कुनै पनि शाखा, कार्यालय | सम्बन्धित शाखा, कार्यालय |

HBL Himalayan Bank Ltd.
**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६५१५०, पो.ब.नं. २०५९० काठमाडौं

◆ **प्रधान सम्पादक/प्रकाशक:** गञ्जबहादुर दाहाल, ◆ **कार्यकारी सम्पादक:** खगेन्द्र कार्की ◆ **सहसम्पादक:** विमल लामिछाने ◆ **बजार व्यवस्थापक:** केशव खनाल ◆ **लेआउट:** सुरेन बस्नेत

**कार्यालय:** दमक-५, झापा, फोन: ०२३-५७०२७२, **मुद्रण:** ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com